PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्यूरो

बबरमहल,काठमाण्डौ,

०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-२३

### "भारतको कलकत्ता लगी मानव अंग (मृगौला) बेचबिखन गर्ने गिरोहका फरार अभियुक्त पक्राउ"

परिवर्तित नाम २६ बबरमहल (१०५) लाई भारत कलकत्तामा मःम पसलमा काममा लगाई मासिक भा.रु.३०,०००।- (तिस हजार) तलब दिने भन्ने समेतको प्रलोभन देखाई ललाई फकाई नुवाकोटबाट काकडभिट्टा हुँदै भारत कलकत्ता पुर्याई झुक्याई बेहोस पारी मानव अंग(मृगौला) झिकी अर्कै व्यक्तीलाई प्रत्यारोपण गरेको भन्ने मानव बेचबिखन सम्बन्धि मुद्दामा फरार रहेका हरी नेपाली भन्ने हरी दर्जीलाई यस व्यूरोबाट खटीएको टोलीले मिती २०८०।०९।१६ गतेका दिन काठमाण्डौबाट पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा दिन ७ (सात)म्याद थप गरी आवस्यक अनुसन्धान भैरहेको।

- **पक्राउ परेका अभियुक्त:-**जिल्ला नुवाकोट बेलकोटगढी नागरपालिका वडा नं.१३ स्थायी वतन भएका बर्ष ४३ को हरी नेपाली भन्ने हरी दर्जी।

**फोटो**



- **अनुसन्धानका क्रममा खुल्न आएको थप बिबरण:-**
  - जाहेरवालाले गाउँघरमा बिहे ब्रतवन्धमा बाजा बजाउने काम गर्ने गरेकोमा मिति २०७८ सालको बैशाखमा अभियुक्तहरुले पिडीतलाई बाजा बजाउने बहानामा आफ्नो गाउँ बोलाएको।

- भेटघाटको क्रममा अभियुक्त मुरली दमाई समेतले एक जना मानिसलाई मृगौला चाहीएको छ,राम्रो पैसा दिन्छ,मैले पनि एउटा मृगौला बेचेको छु भनी आफ्नो पुरानो खत देखाई प्रलोभनमा पार्न खोजेपछि पिडीतले आफ्नो मृगौला बेच्न अस्विकार गरेकोमा पिडीतले नमानेपछि म:म: पसलमा मासीक भा.रू. ३० हजार कमाई हुने काममा लगाईदिने प्रलोभन देखाई काकरभिट्टा हुँदै भारतको कलकत्ता पुर्याएको ।
- कलकत्ता पुर्याई सकेपछि मृगौला प्रत्यारोपण गर्नुपर्ने व्यक्तीलाई अभियुक्त हरी नेपाली भन्ने हरी दर्जीले होटलको साहु हो भनी चिनजान गराईदिएपश्चात निज समेतले पिडीतलाई झुक्याई अस्पताल लगी बेहोस बनाई अर्कै व्यक्तीकोमा मृगौला प्रत्यारोपण गरि पिडीतलाई रु. ६ लाख दिएपश्चात निजले आफ्नो मृगौला बेचीएको एकीन गरि उक्त कार्यमा संलग्न रहेका अभीयुक्तहरु क्रमश: वाँदरे भन्ने मुरली दमाई, राजु नेपाली, राजेश परियार, सानु भन्ने सुवास नेपालीको समेत बिरुद्दमा मानव बेचबिखन अनुसन्धान व्युरोमा जाहेरी परी अनुसन्धान पश्चात जिल्ला अदालत काठमाण्डौमा पेश गरीएकोमा सम्मानीत अदालतको मिति २०७९/०५/१७ गतेको थुनछेक आदेशले हाल पुर्पक्षका लागि कारागारमा थुनामा रहेका।
- हाल पक्राउ परेका हरी नेपाली भन्ने हरी दर्जी २०६५ सालमा समेत मानव बेचबिखन मुद्दामा १० बर्ष सजाय भुक्तान गरि छुटेको भन्ने समेत खुल्न आएको।

**मिति:-२०८०/०९/१७ गते।**

प्रवक्ता
(कृष्ण प्रसाद पगेनी)
प्रहरी उपरीक्षक
सम्पर्क नं.:-९८५१२८१३३०